# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमण नेपालमा पनि फैलिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार लगायत संबद्ध निकायहरूबाट जारी भएका आदेशहरुको निरन्तरता र विद्यमान अवस्थाको मूल्याङ्कनसमेतका आधारमा अदालतहरूबाट सम्पादन हुने कामकारवाही तथा सेवा प्रवाहका सम्बन्धमा २०७८ असार ३१ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट देहायबमोजिम निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

क) नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमण नेपालमा पनि फैलिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार लगायत संबद्ध निकायहरूबाट जारी भएका आदेश र विद्यमान अवस्थाको मूल्याङ्कनसमेतका आधारमा सर्वोच्च अदालतबाट सम्पादन हुने कामकारवाही र सेवा प्रवाहका सम्बन्धमा मिति २०७८।०१।१४ तथा तत्पश्चात् विभिन्न मितिमा बसेको पूर्ण बैठकबाट आवश्यक निर्णयहरु भई सो अनुरुपको व्यवस्थापन हुँदै आएकोमा २०७८।०४।१५ देखी स्वास्थ्य सुरक्षा सम्बन्धी निर्धारित सम्पूर्ण मापदण्डहरूको पूर्णपालना हुने गरी यस अदालतबाट प्रवाह गरिने सबैप्रकारका (दर्ता र सुनुवाई सम्बन्धी) सेवाहरु नियमित रुपमा संचालन गर्ने।

ख) सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत र न्यायाधिकरणहरूमा मिति २०७८।०१।१५ देखि ०७८।०४।१४ सम्मको अवधिको हदम्याद, म्याद, तारेख थाम्ने थमाउनेसम्बन्धमा यस अदालतको वृहतपूर्ण इजलासको मिति २०७७।०२।१५ को आदेशबमोजिमको सुविधा मिति २०७८।०४।१५ देखि लागू हुने गरी उपलब्ध हुने।

ग) मिति २०७८।०४।१५ देखि सर्वोच्च अदालतमा सबै प्रकारका सेवा सूचारु हुने विषयको सूचना सरोकारवाला निकाय, कानून व्यवसायी एवं सेवाग्राहीहरुका जानकारीका लागि प्रकाशन गर्ने।

मिति : २०७८।०४।०१

०७८।०४।०१
बाबुराम दाहाल
प्रवक्ता